PRESS RELEASE

नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान व्यूरो

बबरमहल,काठमाण्डौ,

फोन ०१-५३३९५६९
०१-५३४११७७

## प्रेस विज्ञप्ति-३८

## " कुवेतमा पठाई दिने भनि श्रीलंका पुर्याई मानव बेचबिखन गर्ने कार्यमा संलग्न व्यक्ति पक्राउ"

पिडित **जाहेरवाला परिवर्तित नाम २६ परिसर (ट)** लाई प्रतिवादी नुर्वु घले भन्ने नुर्वु स्याङबो घले समेतका ब्यक्तिहरुले कुवेतमा मासिक ८० कुबेती दिनार अर्थात नेपाली रुपैया रु.२८,०००।–(अठ्ठाईस हजार) बराबर तलब पाईने काममा लगाईदिने लोभ लालचमा पारी राहदानी समेत आफ्नै खर्चमा बनाई दिई कुवेत जानको लागि "तिमीहरुको दिल्लीमा भिसा आई सक्यो, अब दिल्ली जानु पर्छ, दिल्लीमा धेरै दिन बस्नु पर्दैन" भनि २०७३ सालको साउन महिनामा भारतको नयाँदिल्ली हुदै भिजिट भिसामा श्रीलंकाको कोलम्बोमा पुर्याई कोठामा राखी कुटपिट गरी बन्धक बनाई राखेको अवस्थामा नेपाल प्रहरी तथा अन्य संघ संस्थाको समन्वयमा नेपाल फर्किन सफल भएको भन्ने **मानव बेचबिखन तथा ओसारपसार** मुद्दामा वारदातमा संलग्न रही फरार रहेका प्रतिवादी नुर्वु घले भन्ने नुर्बु स्याङबो घलेलाई यस व्यूरोबाट खटिएको प्रहरी टोलिले जिल्ला काठमाण्डौ का.म.न.पा वडा नं. ११ स्थित बबरमहलबाट मिति २०८०।१२।२८ गते पक्राउ गरि मानव बेचबिखन तथा ओसारपसार मुद्दामा सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट दिन ०५ (पाँच) को म्याद थप गरि थप अनुसन्धान कार्य भई रहेको ।

**पक्राउ अभियुक्त**

**नामः- नुर्वु घले भन्ने नुर्बु स्याङबो घले**
( हाल नौकुण्ड गाँउपालिकाको अध्यक्ष)
**उमेरः-** ५२ बर्ष ।
**स्थायी वतनः-** जिल्ला रसुवा साविक यार्सा गा.बि.स. वडा नं. ०७ हाल परिवर्तित नौकुण्ड गाँउपालिका वडा नं. ०१ ।

**अभियुक्तको फोटो**



## अनुसन्धानबाट खुल्न आएको:-

- आर्थिक अवस्था कमजोर भएकी पीडित समेतलाई प्रतिवादीले कुवेतमा मासिक ८० कुबेती दिनार अर्थात नेपाली रुपैया रु.२८,०००।-(अठ्ठाईस हजार) बराबर तलब पाईने काममा लगाईदिने लोभ लालचमा पारी जाहेरवालालाई प्रतिवादी समेतको मिलेमतोमा भारतको नयाँदिल्लीमा पुर्याएको र उक्त स्थानबाट भिजिट भिषामा श्रीलंकाको कोलम्वोमा पुर्याई स्थानीय एजेन्टलाई जिम्मा लगाएको खुल्न आएको।
- भिजिट भिसामा पठाउँदा प्रतिवादीहरुले श्रीलंकाको कोलम्वोमा बुद्ध दर्शनको लागी जान लागेको भन्नु भनि सिकाई पठाएको खुल्न आएको ।
- श्रीलंकाको कोलम्वोमा पुर्याए पश्चात श्रीलंकन मुलको एजेन्टले पिडित जाहरवालाको राहदानी लगायतका कागजातहरु नियन्त्रणमा लिइ पर्याप्त सँग खान समेत नदिई कुटपिट गरी बन्धक बनाई राखेको खुल्न आएको।
- वारदात पश्चात फरार रहेका प्रतिवादी नुर्बु घले भन्ने नुर्बु स्याङ्बो घले ( हाल नौकुण्ड गाँउपालिकाको अध्यक्ष) लाइ यस व्यूरोबाट खटिएको टोलीले खोजतलास एवम् निग्रानी गर्ने क्रममा मिति २०८०।१२।२८ गते जिल्ला काठमाण्डौ का.म.न.पा वडा नं. ११ बबरमहल स्थितबाट पक्राउ गरिएको।
- उल्लेखित घटनामा संलग्न अन्य अभियुक्तहरुको खोजतलास तथा थप अनुसन्धान कार्य जारी रहेको।

**मिति:-२०८०।१२।२८ गते।**

**प्रवक्ता**
(ज्ञानेन्द्र प्रसाद फुयाल)
प्रहरी उपरीक्षक
सम्पर्क नं.:-९८५१२९२२०२